लुम्बिनी प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२।१२।११
नेपाल सम्वत् :- ११४६

## "लुम्बिनी प्रशासन जर्नल" को लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।

लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम अनुसार प्रकाशन हुने "लुम्बिनी प्रशासन जर्नल" को पहिलो अर्धवार्षिक अङ्कका लागि देहायमा उल्लेखित विषयक्षेत्र तथा ढाँचामा ३ हजारदेखि ५ हजार शब्दसम्मको अनुसन्धानमूलक, तथ्यपरक, प्रायोगिक, सैद्धान्तिक अवधारणामूलक एवम् मौलिक प्राज्ञिक विषयक्षेत्रका लेख/रचनाहरु २०८२ साल चैत्र २५ गते भित्र यस कार्यालयको योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखामा वा सोको विद्युतीय प्रति pmrms.ocmcm.lumbini@gmail.com मा उपलब्ध गराइदिनुहुन इच्छुक सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. विषयक्षेत्रहरू:

(क) सार्वजनिक प्रशासन तथा सार्वजनिक व्यवस्थापन
(ख) सार्वजनिक तथा विकास नीति
(ग) विकास प्रशासन तथा व्यवस्थापन
(घ) आर्थिक तथा सामाजिक विकास
(ङ) नेपालको अर्थतन्त्रका आयामहरु र वर्तमान चुनौती
(च) शासन प्रणाली
(छ) शासकीय सुधार
(ज) सुशासन
(झ) सार्वजनिक सेवा प्रवाह
(ञ) सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार, सकारात्मक सोच
(ट) शासकीय प्रणालीमा पूर्वीय दर्शन
(ठ) अन्य समसामयिक विषय ।

२. लेख/रचनाको ढाँचा:

(क) विचारमूलक लेख/रचनाको ढाँचा:

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दसम्म),
- शब्दकुञ्जी (Keywords) (५-७ शब्दसम्म),
- पृष्ठभूमि (Background),
- विश्लेषणात्मक प्रस्तुति (Analysis),
- निष्कर्ष (Conclusion),
- सन्दर्भ सामग्री (References) ।

(ख) अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाको ढाँचा:

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दसम्म),
- मुख्य शब्दावली (Keywords) (५ देखि ७ शब्दसम्म),
- पृष्ठभूमि (Background),
- अध्ययनको उद्देश्य (Objective of the Study),
- सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review),

२०८२।१२।११

- अध्ययन विधि (Methodology),
- तथ्याङ्क प्रस्तुती र विश्लेषण (Data Presentation and Analysis),
- प्राप्ति र विश्लेषण (Result and Analysis)
- निष्कर्ष (Conclusion),
- कृतज्ञता (Acknowledgment),
- सन्दर्भ सामग्री (References) ।

३. <u>अन्य विषयहरू:</u>

- जर्नलमा समावेश गरिने लेख रचना ३ हजार देखि ५ हजार शब्दसम्म (सन्दर्भ सामग्री बाहेक) हुनुपर्नेछ ।
- माथि उल्लिखित विषयक्षेत्र बाहेकका लेख/रचनाहरुलाई जर्नलमा समावेश गरिने छैन ।
- लेख/रचनामा औपचारिक सभ्य भाषाशैली प्रयोग गर्नुपर्नेछ । कुनै व्यक्ति वा समुदाय वा सम्प्रदाय विशेषको प्रतिष्ठामा आँच पुग्ने गरी लेखिएका लेख/रचना छनौट गरिने छैन ।
- राजनीतिक विचार प्रति प्रत्यक्ष झुकाव राख्ने लेख/रचना जर्नलमा समावेश गरिने छैन ।
- अन्यत्र प्रकाशन भइसकेको लेख/रचना प्रकाशन गरिने छैन ।
- अन्यत्र प्रकाशित लेख रचनाको कुनै अंश वा खण्ड हुबहु नक्कल गरेको लेख रचना समावेश गरिने छैन । तर त्यस्ता लेख रचनाको कुनै अंश वा खण्ड लेख रचनामा समावेश गर्दा तोकिएको ढाँचामा स्रोत र सन्दर्भ सामग्री अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
- लेखक तथा सहलेखकको नाम, ठेगाना, मोबाइल नम्बर, इमेल, आबद्ध संस्थाको नाम र पद खुलाउनु पर्नेछ।
- प्रचलित कानुन, प्रदेश सरकारका घोषित नीति तथा कार्यक्रम प्रतिकूलका लेख/रचनालाई जर्नलमा समावेश गरिने छैन।
- जर्नलमा प्रकाशित लेख रचनामा व्यक्त धारणा सम्बन्धित लेखकको निजी धारणा हुनेछ । यसप्रति प्रकाशन तथा सम्पादन मण्डल जवाफदेही हुने छैन ।
- तोकिएको ढाँचा बमोजिम प्राप्त लेख/रचना मात्र प्रकाशनका लागि छनौट गरिनेछ ।
- भाषिक तथा व्याकरणीय शुद्धता कायम गर्नुपर्नेछ ।
- लेख रचनामा प्रयोग भएका प्राविधिक पदावली परिभाषित गर्नुपर्नेछ । तर विस्तृतमा व्याख्या गर्नुपर्ने पदावलीलाई Foot Note मा उल्लेख गरी परिभाषित गर्न सकिनेछ ।
- कुनै संस्था वा व्यक्तिको कुनै प्रकारको सहयोग (आर्थिक, प्राविधिक वा अन्य) बाट अनुसन्धान कार्य गरेको भए सहयोगकर्ता वा दातालाई लेखको अन्त्यमा कृतज्ञता ज्ञापन गरेको हुनुपर्नेछ ।
- सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएका कृतिको तत्काल प्रचलित एपीए ढाँचा (APA Style) मा उल्लेख गर्नुपर्नेछ।
- लेख रचना नेपाली भाषामा भए कालीमाटी फन्टमा १२ प्वाइन्टको तथा अङ्ग्रेजी भाषामा भए Times New Roman फन्टमा १० प्वाइन्टको हुनुपर्नेछ तथा पृष्ठको सबैतर्फ १ इन्च मार्जिन छोडेको हुनुपर्नेछ।
- अंग्रेजी वा नेपाली दुबै भाषामा लेख रचना पठाउन सकिनेछ । नेपाली भाषाका लेख रचनामा प्राविधिक शब्द बाहेक सबै शब्दहरु नेपाली भाषामा प्रयोग गर्नुपर्नेछ ।

२०८२।१२।११.........
(दुर्गा प्रसाद खत्री)
वरिष्ठ शाखा अधिकृत